# स्थानीय राजपत्र


## याङवरक गाउँपालिकाद्वारा प्रकाशित

| खण्ड ५) | थर्पु, पाँचथर | जेठ १४ गते, २०८२ साल | (संख्या १ |
|---|---|---|---|


# भाग २

## याङवरक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

याङवरक गाउँ कार्यपालिकाको मिति २०८२/०२/१३ को बैठकले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**संवत २०८२ सालको कार्यविधि संख्या-१**

### गोलिया कटान तथा निकासी सडक निर्माण सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:**

याङवरक गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७९ को दफा ३८ बमोजिम वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने कार्य अझ प्रभावकारी र परिणाममुखी बनाउन वाञ्छनीय भएकोले,

याङवरक गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७९ को दफा ६६ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "**गोलिया कटान तथा निकासी सडक निर्माण सम्बन्धी कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" याङवरक गाउँपालिकाको वातावरण तथा प्राकृति स्रोत संरक्षण ऐन २०७९ सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले गोलिया कटान तथा निकासी सडठक निर्माण सिफारिस तथा नियमन सम्बन्धी कार्यविधि २०८२ सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले याङवरक गाउँपालिका सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले याङवरक गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ङ) "अध्यक्ष" भन्नाले याङवरक गाउँपालिका अध्यक्ष वा कार्यवाहाक अध्यक्ष सम्झनु पर्छ।

(च) "उपाध्यक्ष" भन्नाले याङवरक गाउँपालिका उपाध्यक्ष सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले याङवरक गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत वा नि.प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ज) "वडा कार्यालय" भन्नाले याङवरक गाउँपालिकाका वडा कार्यालयहरुलाई सम्झनु पर्छ।

(झ) "वडा अध्यक्ष" भन्नाले याङवरक गाउँपालिकाका वडा अध्यक्ष वा कार्यवाहाक वडा अध्यक्ष सम्झनु पर्छ।

(ञ) "प्राविधिक कर्मचारी" भन्नाले याङवरक गाउँपालिकाका वडा तथा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत प्राविधिक कर्मचारी, सर्भेक्षक/अमिन वा नापी कार्यालयमा कार्यरत सर्भेक्षक तथा अमिन सम्झनु पर्छ।

(ट) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठन भएको अनुगमन समिति सम्झनु पर्छ।

(ठ) "प्राविधिक प्रतिवेदन" भन्नाले प्राविधिक कर्मचारीले गाउँपालिका समक्ष पेश गरेको अनुसूची ५ बमोजिमको प्रतिवेदन सम्झनु पर्छ।

(ड) "सिफारिस" भन्नाले वडा कार्यालयले गाउँपालिकालाई र गाउँपालिकाले सम्बन्धित निकाय वा व्यक्तिलाई दिइएको सिफारिस सम्झनु पर्छ।

(ढ) "गोलिया" भन्नाले नेपाल सरकारबाट कानूनी प्रकृया पुरा गरी किन बेच गर्नको लागि अनुमति प्राप्त रुख कटान गरि तयार गरिएको मुडा सम्झनु पर्छ।

(ण) "रुख" भन्नाले नेपाल सरकारबाट कानूनी प्रकृया पुरा गरी किन बेच गर्नको लागि अनुमति प्राप्त रुख सम्झनु पर्छ।

(त) "निकासी" भन्नाले सम्पूर्ण कानूनी प्रकृया पुरा गरी गोलिया कटान भएको ठाउँ देखी घाटगद्दी सम्म र पालिका बाहिर लैजाने कार्य सम्झनु पर्छ।

(थ) "किसान" भन्नाले आफ्नो निजी जग्गाको रुख बेचविखन गर्ने व्यक्ति वा किसान सम्झनु पर्छ।

(द) "गोलिया व्यवसायी" भन्नाले नेपाल सरकारबाट कानूनी प्रकृया पुरा गरी किनबेच गर्नको लागि अनुमति प्राप्त रुख किसानबाट खरिद गरी निकासी गरी लैजाने व्यक्ति वा फर्म सम्झनु पर्छ।

(ध) "निकासी सडक" भन्नाले गोलिया कटान तथा निकासी प्रयोजनको लागि निर्माण गरेको बाटो सम्झनु पर्छ।

## परिच्छेद–२

## भाग १

## गोलिया कटान सिफारिस तथा नियमन

३. **कटान सिफारिस** (१) गोलिया कटानको लागि तपसिल बमोजिमका कार्यहरु पूरा गरी आएको खण्डमा गाउँपालिकाबाट आवश्यक छानबिन गरी सिफारिस दिन मनासिव देखिएको खण्डमा निवेदन दिइएको मितिले बढीमा १५ दिन भित्र गोलिया कटानको लागि सिफारिस दिन सक्नेछ।

(क) गोलिया कटान हुने क्षेत्रको पहिचान स्पष्ट भएको हुनुपर्ने छ।

(ख) गोलिया कटान हुने जग्गा कुनै सरकारी, सार्वजनिक र ऐलानी जग्गा नभई व्यक्तिको नाममा दर्ता भई जग्गाधनी प्रमाणपुर्जा भएको हुनुपर्नेछ।

(ग) गोलिया कटान हुने जग्गा व्यक्तिको नाममा दर्ता भएको मोठ तथा रोक्का भिडान हुने भनि मालपोत कार्यालयको सिफारिस भएको हुनुपर्नेछ।

(घ) गोलिया कटान हुने जग्गाको नापनक्शा सहित अनुसूची २ बमोजिमको सर्भेक्षक/अमिन प्रतिवेद भएको हुनुपर्ने।

(ङ) संयुक्त वा संगोलको जग्गा भएमा सम्पूर्ण जग्गाधनीहरुको सनाखत सहितको सयुक्त निवेदन हुनुपर्ने।

(च) जग्गाधनी ७० वर्ष नाघेको वा नाबालक भएमा निजको एकाघरको संरक्षकको नागरिक्ता सहित साक्षीमा सनाखत गरेको हुनुपर्ने।

(छ) वडा अध्यक्ष र प्राविधिक कर्मचारीको उपस्थितिमा स्थलगत संजिविन मुजुल्ला भएको हुनुपर्ने।

(ज) गोलिया कटान हुने जग्गाबाट कुन कुन जातका के कति परिमाणमा रुख कटान गर्न मिल्ने हो भनि डिभिजन वन कार्यालयबाट किटानी गरी किटानी पत्र समावेश भएको हुनुपर्ने।

(झ) तिन प्रति फोटो ( गोलिया कटान हुने स्थान, प्रविधिक कर्मचारीले जग्गा नापचाँच गरिरहेको, वडा अध्यक्षको प्रत्यक्ष उपस्थितिमा सम्बन्धित स्थान सर्जमिन मुचुल्का भएको)

(ञ) रुख विक्रि गर्ने सम्बन्धित किसानको चालु आ.व.मा तिरो तिरेको रसिद, जग्गाधनि प्रमाणपुर्जाको फोटोकपी, नागरिकताको फोटोकपी, रुख बेचिने जग्गाको प्रमाणित नक्शा सहित अनुसूची ३ बमोजिमको निवेदन ।

(ट) याङवरक गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको राजश्व बुझएको भौचर।

(ठ) सम्बन्धित वडाको सिफारिस

माथि उल्लेखित कागजातहरुको एक-एक प्रति प्रतिलिपी सिफारिस प्रयोजनको लागि गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ।

**४. गोलिया कटान सिफारिस उपलब्ध गराउन सकिने अवस्था :** १) दफा २ को उपदफा १ बमोजिमका सम्पूर्ण कार्यहरु पुरा गरी सो बमोजिम तोकिएका सम्पूर्ण कागजाहरु पेश गरेको अवस्थामा गाउँपालिकाबाट सिफारिस दिन मनासिव देखिएमा अनुसूची ४ बमोजिमको सिफारिस उपलब्ध गराउन सकिनेछ।

२) उपदफा १ बमोजिम पेश भएका कागजातहरु उपर थप छानविन गर्नुपर्ने भएका गाउँपालिका अध्यक्ष आफै वा उपाध्यक्ष मार्फत वा प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतबाट तोकिएका कर्मचारी मार्फत वा अध्यक्षबाट तोकिएका वडा अध्यक्ष वा कार्यपालिका सदस्य वा वडा सदस्यबाट थप जाचँबुझ गरी जाचँबुझ पछी सिफारिस दिन मनासिव देखिएमा सिफारिस दिन सकिनेछ।

५. **सिफारिस नदिने अवस्था :** १) दफा २ को उपदफा १ बमोजिमका सम्पूर्ण कार्यहरु पुरा गरी कागजात पेश नगरेमा।

२) गोलिया कटान हुने स्थानको वातावरण ठुलो प्रभाव पर्ने देखिएमा।

३) गोलिया कटान गर्ने स्थान सार्वजनिक, सरकारी, ऐलानी जग्गा भएमा।

४) प्रतेयक वर्षको जेष्ठ ३० देखी भाद्र २० गते समय अवधिमा।

५) कटान क्षेत्र विपदको दृष्टिले जोखिम क्षेत्र भएमा।

**६. गोलिया कटान गर्न नहुने :** १) गाउँपालिकाको सिफारिस भई डिभिजन वन कार्यालयबाट कटान आदेश नभए सम्म कुनै किसान वा व्यवसायीले गोलिया कटान गर्न नहुने।

२) गोलिया कटान गर्दा उक्त स्थानको वातावरण तथा पर्यावरण ठुलो असर पर्ने देखिएमा उक्त स्थानको गोलिया कटान गर्न नहुने।

३) गोलिया कटान गर्दा उक्त स्थानमा भएमा भौतिक संरचनाहरु विग्रिने वा नासिने अवस्था भएमा उक्त स्थानको गोलिया कटान गर्न नहुने ।

५) नेपाल सरकारबाट गोलिया कटान गरी विक्रि वितरण गर्नको लागि अनुमति नदिएका रुखहरु कटान गर्न नहुने ।

६) कटान गरिएको गोलिया समयमै उचिय व्यवस्थान गर्न नसकिने अवस्था भएमा उक्त समय तथा स्थानबाट गोलिया कटान गर्न नहुने ।

७) प्रत्येक वर्षको असार १५ गते देखी भाद्र मसान्त भित्र गोलिया कटान तथा कालोपत्रे बाहेकका सडकहरुबाट गोलिया ओसारपसार निकासी कार्य गर्न नहुने ।

८) गोलिया कटान गर्दा उक्त क्षेत्र नै नाङ्गो हुने गरी त्यस क्षेत्रको सबै रुख कटान गर्न नहुने।

९) गोलिया कटान गर्दा तोकिएको जग्गा बाहेको अन्य जग्गाको रुख कटान गर्न नहुने ।

**७. गोलिया कटान व्यवसायीको कर्तव्य :** १) गोलिया प्रयोजनको लागि रुख कटान गर्दा कानूनी प्रकृया पुरा गरेर मात्र कटान गर्नु व्यवसायीको कर्तव्य हुने छ ।

२) व्यवसायीले किसानबाट कटानभएका गोलिया खरिद गर्दा उक्त गोलियाको कानूनी प्रकृया पुरा गरेर मात्र कटान भएको गोलिया मात्र खरिद गर्नुपर्ने ।

३) व्यवसायीले कुनै सार्वजनिक, सरकारी, ऐलानी जग्गाको रुख कटान ओसारपसार र विक्रि वितरण गर्न हुने छैन ।

४) गोलिया व्यवसायीले गाउँपालिका र डिभिजन वन कार्यालय सँगको समन्वयमा समय सयममा बृक्षारोपण का कार्यहरु गर्नुपर्नेछ ।

५) व्यवसायीले कटान गरेको गोलियालाई सडक तथा सडकको पेटिमा नराखी घटगद्दीको उचित व्यवस्थापन गरी उक्त घाटगधीमा राखी निकासीको अनुमती प्राप्त गरे पश्चतमात्र निकासी गर्नुपर्नेछ । घाटगद्दी बनाउदा सरकारी, सार्वजनिक जग्गामा बनाउन पाइनेछैन । तर गाउँपालिकाले त्यस्ता जग्गामा घाटगद्दी बनाउनको लागि निर्णय गरी अनुमति दिएको खण्डमा तोकिएको दस्तुर तिरी घाटगद्दी बनाउन बाधा पर्ने छैन ।

६) गोलिया व्यवसायीले गोलिया कटान गर्दा प्राविधक कर्मचारीबाट नापजाचँ गरी स्थलगत निरीक्षण गरी स्थलगत मुचुल्का र सिफारिस भई तोकिएको जग्गा भित्रबाट तोकिएका रुखमात्र कटान गर्नुपर्ने ।

७) गोलिया व्यवसायीले गोलिया निकासी गर्दा गाउँपालिकाले तोकेको निकासी कर बुझाएर मात्र निकासी गर्नु पर्ने छ ।

८) गोलिया व्यवासायीले वर्षमा कम्तिमा एक पटक गाउँपालिकाको हितमा यहाँका जनतालाई प्रतक्ष लाभ हुने किसिमको गाउँपालिकाले तोकेको क्षेत्रमा सामाजिक उत्तर दाहित्वको कार्य गर्नुपर्ने । उक्त कार्य गर्दा गाउँपालिकाले तोकेको बाहेक आफुखुसी कुनै निकाय वा क्षेत्रमा गरेको व्यक्तिगत सहयोगलाई यो कार्यविधि अनुसार सामाजिक दाहित्व पुरा गरेको भन्न भने पाइने छैन र सामाजिक दाहित्व पुरा नगर्ने गोलिया

व्यवसायीलाई गोलिया कटानको लागि गाउँपालिकाले सिफारिस दिन बाध्य हुने छैन साथै सामाजिक दाहित्व पुरा गर्ने व्यवसायीलाई गाउँपालिकाले आवश्यक्ता अनुसार सम्पानपत्र द्वारा सम्मान समेत गर्न सक्नेछ।

९) गोलिया व्यवसायीहरुले गाउँपालिकामा समेत आफ्नो व्यवसाय दर्ता गर्नुपर्नेछ साथै यस अघि दर्ता भएका व्यवसायहरुको वार्षिक नविकरण गर्नुपर्ने छ।

१०) गोलिया व्यवसायीहरुले वडा तथा गाउँपालिकाले दिएको निर्देशनको पूर्णरुपमा पालना गर्नुपर्नेछ।

## परिच्छेद-३
## अनुगमन समिति सम्बन्धी व्यवस्था

८. **अनुगमन समिति**: १. यस गाउँपालिका क्षेत्रभित्रबाट भएको गोलिया कटान, ओसारपसरा र निजि सडक निर्माणको नियमित अनुगमन गर्ने प्रयोजनको लागि निम्न बमोजिमको एक अनुगमन समिति हुने छ।

**निम्न** :

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | - संयोजक |
| २. | गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ४. | सम्बन्धित वडा अध्यक्ष | - सदस्य |
| ५. | गाउँपालिका इन्जिनियर | - सदस्य |
| ६. | संवेक्षक | - सदस्य |
| ७. | स्थानीय इलाका प्रहरी कार्यालय वा प्रहरीचौकी इन्चार्ज | - सदस्य |
| ८. | राजश्व शाखा प्रमुख – | - सदस्य सचिव |

९. **समितिको, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः** १. अनुगम समितिको कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछन।

(क) समितिले कम्तिका तिन महिनामा एक पटक गोलिया कटान भएका सम्पूर्ण स्थानहरुको अनुगमन गर्ने पर्ने छ।

(ख) समितिले निजि सडक निर्माणको अनुगमन गर्ने

(ग) अनुगमनको क्रममा देखीएका कैफियतहरुलाई सुधार्नको लागि सम्बन्धित व्यवसायीलाई तथा निजि सडक निर्माण गर्ने लाई जानकारी गराउने

(घ) प्रचलित कानून तथा यस कार्यविधि विपरित गोलिया कटान तथा ओसारपसार भएको पाएमा प्रचलित कानून बमोजिम कारवाहिको लागि सिफारिस गर्ने

(ङ) नियम विपरित निकासी सडक निर्माण भएको पाइएमा कारवाहिको लागि सिफारिस गर्ने

(च) नियमित अनुगमन प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने ।

२) अनुगमन समितिले आवश्यकता महशुस गरेको खण्डमा अन्य निकाय, जनप्रतिनिधि र कर्मचारीलाई आन्मत्रण गर्न सक्ने छ ।

३) आवश्यकता महशुस भएको खण्डमा डिभिजन वन कार्यालय र यस समितिको संयुक्त अनुगमन समेत हुन सक्नेछ ।

४) यस समितिले अनुगमन गर्ने क्रममा भएको खर्च गाउँ कार्यपालिकाको कार्यालयबाट भुक्तानी हुने छ भने अनुगमन प्रयोजनको लागि गाउँ कार्यपालिकाको कार्यालयले यातायातको साधन उपलब्ध गराउनुपर्ने छ ।

## परिच्छेद-४
## विविध

**१०. सिफारिस प्रदान गर्ने :** १. गोलिया कटानको लागि आवश्यक प्रकृया पुरा गरी आएको खण्डमा गाउँपालिका अध्यक्षले तथा गाउँपालिका अध्यक्षको अनुपस्थित भएको खण्डका कार्यवाहाक अध्यक्षबाट प्रदान हुनेछ ।

**११. कागजात जाचँबुझ तथा सिफारिस तयारी :** १) सबै प्रकृया पुरा भई आए नआएको कागजातको चेकजाँच गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतबाट वा निजले तोकेको कर्मचारीबाट हुने छ ।

२) सिफारिस तयारी गरी अध्यक्ष वा कार्यवाहाक अध्यक्ष समक्ष पेश गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीबाट हुने छ ।

**११. गोलिया रोक्का गर्न सक्ने :** १. प्रत्येक वर्षको असार १५ गते देखी भाद्र मसान्त सम्म गोलिया कटान तथा ओसारपसारको कार्य पूर्णरुपले रोक्का रहने छ । साथै आवश्यकता महशुस भएको खण्डमा अनुगमन समितिको सिफारिसमा गाउँ कार्यपालिका निर्णयबाट जुनसुकै समयमा सूचना गरी रोक्का गर्न सक्नेछ ।

**१२. सर्भेक्षक/अमिन खटाउन सक्ने : १)** गोलिया व्यवसायी वा किसानले जग्गाको एकिन गरी प्राविधिक प्रतिवेदनको लागि सर्भेक्षक/ अमिन माग गरि निवेदन दिएमा गाउँपालिकाले सर्भेक्षक/अमिन खटाउनु पर्नेछ ।

**२)** उपदफा १ बमोजिम अमिन खटाउदा प्रचलित कानून बमोजिम लाग्ने अमिन दस्तुर व्यवसायी वा किसानले गाउँपालिकामा बुझाउनुपर्नेछ ।

**३)** जग्गा नापजाँच तथा प्राविधिक प्रतिवेदनको लागि गाउँपालिकाको सर्भेक्षक/ अमिनबाट हुने सक्ने कार्यहरुको लागि गाउँपालिकाको सर्भेक्षक/ अमिनलाई नै गोलिया व्यवसायी / किसानले पहिलो प्रथमिकता दिनुपर्ने छ ।

**१३ म्याद थप :** १) कुनै आ.व.मा गोलिया कटानको लागि सिफारिस लिई विभिन्न कारण तोकिएको समयमा कटान गर्न नसकेको खण्डमा डिभिजन वन कार्यालयबाट उक्त क्षेत्रको कटान

आदेश भएको रुख संख्या मध्ये के कति कटान भई के कति संख्यामा कटान हुन वाँकी रहेको यथार्थ विवण सहितको पत्र प्राप्त भए पश्चात प्राविधिक कर्मचारी र सम्बन्धित वडाको वडा अध्यक्षले स्थलगत अनुगमन गरी म्याद थप गर्न उपयुक्त हो भनि वडाको सिफारिस प्राप्त भएमा आवश्यक जाँचबुझ गरी मनासिव देखिएमा एक पटकको लागि म्याद थपको लागि सिफारिस गर्न सकिनेछ।

**२)** म्याद थप गर्दा लाग्ने दस्तुर याङवरक गाउँपालिकाको आर्थिक ऐनमा तोके बमोजिम हुनेछ।

**३)** म्याद थप सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## भाग २

## परिच्छेद-५

## निजि सडक निर्माण मापदण्ड

**१४. निकासी सडक निर्माण मापदण्ड** (१) संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाले निर्माण गर्ने बाहेक निजि लगानीमा गोलिया कटान तथा निकासी प्रयोजन वा अन्य केहि प्रयोजनको लागि निजि सडक निर्माण गर्दा निर्माण गर्ने व्यक्ति वा निकायले तपशिल बमोजिमका मापदण्ड पुरा गर्नुपर्नेछ।

(क) निकासी सडक निर्माण गरिने स्थानको भू बनावटलाई ध्यान दिनु भविश्यमा उक्त सडकको कारण कुनै विपद जन्य क्षती नपुग्ने ।

(ख) सडक निर्माण गर्दा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको सडक निर्माण सम्बन्धी सम्पूर्ण मापदण्ड पुरा गर्नुपर्ने।

(ग) सडक निर्माणले कुनै पनि पानीका मुहान तथा वातावरणलाई प्रत्यक्ष क्षती नहुने।

(२) उपदफा (१) बमोजिम मापदण्ड पुरा नगरी कुनै पनि व्यक्ति वा निकायले निकासी सडक निर्माण गर्न हुदैन।

**१५. अनुमति लिए मात्र निकासी सडक निर्माण गर्नुपर्ने :** १) कुनै पनि व्यक्ति वा निकायले निकासी सडक निर्माण गर्नुपर्ने अवस्था भएमा सडक निर्माण गर्नुपूर्व गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ।

२) निकासी सडक निर्माण लागि गाउँपालिकाबाट अनुमति लिनको लागि निर्माण कर्ताले निम्न बमोजिका कार्यहरु पुरा गरी अनुमति माग गर्नुपर्ने छ।

(क) निकासी सडक निर्माण गर्ने स्थान र आवश्यकताको पुष्ट्याई।

(ख) निकासी सडकले पुर्याउने योगदानको विश्लेषण।

(ग) सडक निर्माण गरीने जग्गाहरुको जग्गादाताबाट प्राप्त मञ्जुरीनामा।

(घ) प्राविधिक कर्माचारीबाट भएको फिल्ड प्रतिवेदन।

(ङ) वडाको सिफारिस

३) निकासी सडक निर्माण कर्ताले उपदफा (२) को खण्ड क,ख,ग बमोजिमको कार्य पुरा गरी वडामा निवेदन दिनुपर्ने छ वडा कार्यालयबाट उक्त सडक निर्माण गर्न आवश्यकता हो वा होइन एकिन गरी प्राविधिक स्टमेट र फिल्ड प्रतिवेदनको लागि वडाकै प्राविधिकलाई खटाउन सकिने छ। यसरी प्राविधक खटाउदा लाग्ने दस्तुर सम्बन्धित सडक निर्माण कर्ताले नै व्यहोर्नु पर्नेछ।

४) उपदफा २ बमोजिको कागजात सहित निकासी सडक निर्माण कर्ताले यस गाउँपालिका निवेदन दिइएको खण्डमा यस कार्यालयबाट थप जाचँबुझ गरी आवश्यक्ता महशुस गरेको खण्डमा बढीमा १५ दिन भित्र निकासी सडक निर्माणको लागि अनुमति प्रदान गर्न सक्ने छ।

तर प्रकृया पुरा नभएका तथा कुनै विवादित सडक भएमा अनुमति प्रदान नगर्न सक्ने छ साथै अनुमति प्रदान गरिएकोमा कहि कतैबाट मौखिक वा लिखित उजुरी आइ छानविन गर्दा अनुमति बदर गर्न उपयुक्त देखिएका अनुमति जुनसुकै बखत पनि बदर गर्न सकिनेछ।

**१६. निकासी सडक निर्माण कर्ताको कर्तव्य : १.** निकासी सडक निर्माण गर्ने निर्माण कर्ताको देहाय बमोजिमको कर्तव्य हुनेछ।

२) सम्पूर्ण कानूनी प्रकृया पुरा गरी गाउँपालिकाबाट अनुमति लिएरमात्र सडक निर्माण गर्नु।

३) सडक निर्माणको गाउँपालिकाको प्राविधिकबाट अनुगमन गराउनु।

४) सडक निर्माण गर्ने क्रममा कुनै किसिमको क्षति भएमा क्षतिको उचित मूल्याङ्कन गरी क्षति पूर्ति दिनु।

५) सडक निर्माण गरिने जग्गाहरुको जग्गाधनीबाट मञ्जुरी लिनु।

६) निर्माण गरिएको सडकको नियमित मर्मत संभार गर्नु।

७) निर्माण गरिएको सडक निकासी कार्य पुरा भए पश्चात वा निकासी भएकै समयमा पनि सार्वजनि सडकको रुपमा प्रयोग गर्न सर्वसाधरण सबैमा पाउनुपर्ने।

## परिच्छेद-६

## कसुर र सजाय

**१७. कसुर:** १) गोलिया व्यवसायी तथा गोयिया विक्रि गर्ने किसान तथा निकासी सडक निर्माण गर्ने निर्माण कर्ताहरुले निम्न अनुसारका कार्यहरु गरे कसुर मानिने छ।

१) वडा तथा गाउँपालिकाबाट सिफारिस नलिई डिभिजन वन कार्यालयबाट कटान आवेदन विना नै कुनै क्षेत्रमा गोलिया प्रयोजनको लागि रुख कटान गरेमा कसुर गरेको मानिने छ।

२) एक ठाउको जग्गा देखाई अर्को ठाउँको रुख कटान गरेमा कसुर गरेको मानिनेछ।

३) सरकारी, सार्वजनिक र ऐलानी जग्गाको रुख कटान गरेमा कसुर गरेको मानिनेछ।

४) प्रत्येक वर्षको असार १५ गते देखी भाद्र मसान्त भित्र रुख कटान गरी निकासी गरेमा कसुर मानिनेछ।

५) झुट्टा विवरण तयार गरी सिफारिस लिएमा कसुर मानिनेछ।

६) कटान गरेको गोलियालाई सडक तथा सडको पेटीमा अव्यवस्थिति तवरले राखेमा कसुर मानिनेछ।

७) अनुगमन समिति र गाउँपालिका वा वडा कार्यालयले दिएको निर्देशन पालना नगरे कसुर मानिनेछ।

८) निकासी सडक निर्माण गर्दा सम्पूर्ण प्रकृया पुरा गरी गाउँपालिकाबाट अनुमति नलिइ सडक निर्माण गर्ने कार्य गरेमा कसुर मानिने छ।

९) सडक निर्माणको क्रममा कसैको क्षति पुर्याएमा कसुर मानिनेछ।

१०) प्रचलित कानुनले गर्न नहुने भनी उल्लेख गरेका कार्यहरु गरेमा कसुर मानिनेछ।

**१८. सजाय :** १) गोलिया व्यवसायी वा किसानले दफा १६ को उपदफा १ (१) अनुसारको कसुर गरेमा गाउँपालिकामा बुझाउनुपर्ने राजश्व र सो बरावरको जरीवाना गराई प्रचलित वन ऐन तथा नियमावली अनुसार कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरि पठाउने र निज कसुरदारलाई यस गाउँपालिका गोलिया कटान गर्न रोक लागाउनुका साथै कटान भएका गोलिया जफत गरिने छ।

२) गोलिया व्यवसायीले दफा १६ को उपदफा १ (२) बमोजिमको कसुर गरेमा रु २०,०००।० जरीवाना गरी प्रचलित वन ऐन तथा नियमावली अनुसार कारवाहीको लागी सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

३) दफा १६ को उपदफा १(३) अनुसारको कसुर गरेमा प्रचलित संघीय कानून बमोजिम सार्वजनिक तथा सरकारी सम्पती अपचलनमा कारवाहिको लागि सम्बन्धित निकायमा लेखी पठाइने छ।

**४)** दफा १६ को उपदफा १(४ र ६) बमोजिमको कसुर गरेमा गोलिया व्यवसायीलाई रु ३०,०००।० जरिवाना गरी कटान अनुमति बदर तथा आवश्यक कारवाहिको लागि सम्बन्धित निकायमा लेखी पठाउने।

**५)** दफा १६ को उपदफा १(५) अनुसारको कसुर गरेमा निजलाई दिएको सिफारिस बदर गरी किर्ते जालसाध शिर्षकमा कारवाहिको लागि सम्बन्धित निकायमा सिफारिस गरि पठाइने छ भएको क्षती सरकारी वाँकी सरह असुल उपर गरिनेछ।

**६)** दफा १६ को उपदफा १(७) बमोजिमको कसुर गरेमा पहिलो पटक रु १०,०००।० दोस्रो पटक रु २०,०००।० र तेस्रो पटक भए रु ४०,०००।० जरिवाना गराई तेस्रो पटकमा भने

गोलिया कटानमा सिफारिस बदर गरी सडक निर्माणमा भए अनुमति बदर गरी हाल सम्म भएको क्षतिपूर्ति असुल गरिनेछ।

**७)** दफा १६ को उपदफा १(८) अनुसारको कसुर गरेमा सडक निर्माण कर्ताबाट रु ५०,०००।० सम्म जरिवाना गरी सडक निर्माणको कार्य रोक्का गरिनेछ।

८) दफा १६(९) बमोजिमको कसुर गरेमा भएको क्षती एकिन गरी क्षती बराबरको विगो असुल गरिनेछ।

## परिच्छेद-७
## विविध

**१९. अनुमति प्रदान गर्ने :** १) निकासी सडक निर्माणको लागि आवश्यक प्रकृया पुरा गरी आएको खण्डमा गाउँपालिका अध्यक्षले तथा गाउँपालिका अध्यक्षको अनुपस्थित भएको खण्डका कार्यवाहाक अध्यक्षबाट प्रदान हुनेछ।

**२०. कागजात जाचँबुझ तथा सिफारिस तयारी :** १) सबै प्रकृया पुरा भई आए नआएको कागजातको चेकजाँच गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतबाट वा पूर्वाधार शाखाको कर्मचारीबाट हुने छ।

२) सिफारिस तयारी गरी अध्यक्ष वा कार्यवहाक अध्यक्ष समक्ष पेश गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतले तोकेको पूर्वाधार शाखाका कर्मचारीबाट हुने छ।

**२१. निजि सडक निर्माणको कार्य रोक्का गर्न सक्ने :** १) प्रत्येक वर्षको असार १ गते देखी भाद्र मसान्त सम्म निजि सडक निर्माणको कार्य पूर्णरुपले रोक्का रहेने छ। साथै आवश्यक्ता महशुस भएको खण्डमा अनुगमन समितिको सिफारिसमा गाउँ कार्यपालिका निर्णयबाट जुनसुकै समयमा सूचना गरी रोक्का गर्न सक्नेछ।

**२२. सर्भेक्षक / अमिन प्राविधिक खटाउन सक्ने : १)** निकासी सडक निर्माणको लागी जग्गाको एकिन गरी प्राविधिक प्रतिवेदनको लागि सर्भेक्षक/ अमिन तथा प्राविधिक माग गरि निवेदन दिएमा गाउँपालिकाले सर्भेक्षक/ अमिन तथा प्राविधिक खटाउन सक्नेछ।

**२)** उपदफा १ बमोजिम अमिन वा प्राविधिक खटाउदा प्रचलित कानून बमोजिम लाग्ने दस्तुर सडक निर्माण कर्ताले गाउँपालिकामा बुझाउनुपर्नेछ।

**२३. बाधा अड्कन फुकाउने अधिकार :** यस कार्यविधिमा उल्लेखित कुनै कुरामा द्विविधा वा कुनै बाघा अड्कन उत्पन्न भएमा कार्यपालिकाले त्यस्तो बाघा अड्कन फुकाउन सक्नेछ।

**२४. संशोधन गर्न सक्ने :** यस कार्यविधिमा उल्लेख भएका कुनै कुरा संशोधन गर्नुपर्ने भएमा कार्यपालिकाले संशोधन गर्ने सक्नेछ।

**२५. बचाउ :** १. यो कार्यविधि लागु हुनु पूर्व भएका गोलिया कटान तथा निजि सडक निर्माण यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची १
कार्यविधिको दफा २ (१) सँग सम्बन्धित
सिफारिस माग निवेदनको ढाँचा

श्रीमान अध्यक्ष ज्यू
......... वडा कार्यालय
याङवरक गाउँपालिका

**बिषय : सिफारिस उपलब्ध गराई पाउँ**

महोदय,

उपरोक्त सम्बन्धमा यस गाउँपालिका वडा ............. बस्ने म ..................................... को नाममा दर्ता कायम भएको निम्न लिखित जग्गाहरुबाट तपशिल बमोजिमका जात र संस्थामा ......................... प्रयोजनको लागि रुख कटान गरी विक्रि गर्नको लागि तहाँको प्राविधिक सहित स्थलगत निरिक्षण गरी गाउँपालिकामा सिफारिस उपलब्ध गराई पाउँ।

मैले प्रचलित कानुन तथा याङवरक गाउँपालिकाको कार्यविधि बमोजिको सम्पूर्ण प्रकृया पुरा गरेको छु विवरण ठिक साँचो हो झुठा ठहरे सहुला बुझाउँला।

तपशिल :

| क्र.स. | साविक | नक्शा नं. | किता नं. | क्षेत्रफल | कटान गरिने रुखको जात | कटान गरिने रुखको संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**संलग्न कागजातहरु :**

नागरिकताको प्रतिलिपी थान १

जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपि थान १

तिरो तिरेको रसिद थान थान १

जग्गाको ट्रेस नक्शा थान १

**निवेदक**

...................................

याङवरक गाउँपालिका वडा नं. ........

ना.प्र. नं. ...................................

अनुसूची २

कार्यविधिको दफा २ (१) सँग सम्बन्धित

**प्राविधिक प्रतिवेदनको ढाँचा**

१. कटान हुने/ कटान भएको स्थान : ......... नं. वडा .......................................... टोल

२. जग्गाधनिको नाम, थर.......................................................................................

३. कटान गर्ने व्यवसाथी नाम, थर.........................................................................

४.	फर्मको
नाम.........................................................................................................

५.	कटान भएको जग्गा विवरण :
नक्शा नं. ..... कि.नं........... क्षेत्रफल .......... रोपनी..........आना.........पैसा..........दाम

६.	कटान हुने रुख संख्या ....................................

७.	कटान सम्बन्धी अन्य विवरण : (सम्बन्धित कोठामा ( ✔ ) लगाउने)

| क्र.स. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | गोलिया कटान हुने स्थान निजि जग्गामा भएको | | | |
| २ | गोलिया कटान हुने स्थान सार्वजनिक वा औल्यानी जग्गा भएको | | | |
| ३ | कटान गरिएको गोलिया निश्चित घाटगद्दीमा राख्ने व्यवस्था भए/ नभएको | | | |
| ४ | गोलोया कटान हुने स्थान पेश भएको जग्गा र नक्शामा भए/नभएको | | | |
| ५ | गोलिया कटानको कारणले उक्त स्थानमा विपद जन्य घटना हुने सम्भावना भए/नभएको | | | |
| ६ | निकासीको लागि सडक भए / नभएको | | | |

८.	स्थलगत अवलोकनमा देखिएका अन्य कुराहरु :

९.	गोलिया निकासीको लागि सडक निर्माण गर्न आवश्यक भए के कति कि.मि. आवश्यक रहेको ............ .

१०.	उक्त माथी उल्लेखीत स्थानको स्थलगत अवलोकन गरी प्रतिवेदन पेश गरेको छु। व्यहोरा ठिक साँचो हो झुठा ठहरे सहुला बुझाउला।

प्रतिवेदन पेश गर्ने

..........................

अनुसूची ३

कार्यविधिको दफा २ (१) सँग सम्बन्धित

सिफारिस माग निवेदनको ढाँचा

श्रीमान अध्यक्ष ज्यू
याङवरक गाउँपालिका

**बिषय : सिफारिस उपलब्ध गराई पाउँ**

महोदय,

उपरोक्त सम्बन्धमा यस गाउँपालिका वडा ............. बस्ने म ..................................... को नाममा दर्ता कायम भएको निम्न लिखित जग्गाहरुबाट तपशिल बमोजिमका जात र संस्थामा ........................ प्रयोजनको लागि रुख कटान गरी विक्रि गर्नको लागि याङवरक गाउँपालिकाको कार्यविधि बमोजिम सम्पूर्ण कार्यहरु पुरा गरी प्राविधिक प्रतिवेदन र ......... वडाको सिफारिस यसै साँथ संलग्न राखी पेश गरेको हुँदा आवश्यक जाँचबुझ गरी डिभिजन वन कार्यालयमा सिफारिस उपलब्ध गराई पाउँ।

मैले प्रचलित कानुन तथा याङवरक गाउँपालिकाको कार्यविधि बमोजिको सम्पूर्ण प्रकृया पुरा गरेको छु विवरण ठिक साँचो हो झुठा ठहरे सहुला बुझाउँला।

**तपशिल :**

| क्र.स. | साविक | नक्शा नं. | किता नं. | क्षेत्रफल | कटान गरिने रुखको जात | कटान गरिने रुखको संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**संलग्न कागजातहरु :**

नागरिकताको प्रतिलिपी थान १
जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपि थान १
तिरो तिरेको रसिद थान थान १
जग्गाको ट्रेस नक्शा थान १
वडा को सिफारिस थान १	**निवेदक**
प्राविधिक प्रतिवेदन थान १	..................................
स्थलगत सजमिन मञ्जुल्काको प्रतिलिपी थान १
मालपोत कार्लालयको सिफारिसको प्रतिलिपी थान १
डिभिजन वन कार्यालयका सिफारिस वा पत्रहरु
चारकिल्का प्रमाणीतको प्रतिलिपी थान १
सधियारको मञ्जुरी थान १

(नोट : जग्गा धनि आफैले निवेदन दिन सक्ने यदी व्यवसायीले निवेदन दिएमा जग्गा धनिको मञ्जुरी संलग्न गर्नुपर्ने)

अनुसूची ४
कार्यविधिको दफा ३ (१) सँग सम्बन्धित
गाउँपालिकाले डिभिजन वन कार्यालयलाई दिने सिफारिसको ढाँचा

**विषय : सिफारिस सम्बन्धमा।**

**श्री डिभिजन वन कार्यालय**
**फिदिम, पाँचथर**

प्रस्तुत विषयमा यस गाउँपालका वडा नं. .....को च.नं. .......... मिति ............ को सिफारिस तथा प्राविधिक प्रतिवेदन अनुसार याङवरक गाउँपालिका वडा नं. ...... बस्ने जग्गा धनी श्री ................ नाममा मालपोत कार्यालयमा दर्ता एकलौटी / सयुक्त जग्गाबाट आफैले लाएहुरकाएको तपशिल अनुसारको जातहरु गोलिया काठ बिक्री गर्नेको लागि गोलिया कटान तथा निजि सडक निर्माण सम्बन्धी कार्यविधि, २०८२ को दफा २ (१) बमोजिमका सम्पूर्ण प्रकृया पुरा गरी सिफारिस माग भएको हुँदा सो सम्बन्धमा स्थलगत निरिक्षण गर्दा सिफारिस दिन मनासिव देखिएको भनी ......... वडा कार्यालयको च.नं..... मिति ......... सिफारिस प्राप्त भएकोहुँदा निम्न बमोजिमको कित्ताहरुबाट रुख कटानको लागि आवश्यक प्रकृया अगाडी बढाई दिनहुन सिफारिस साथ अनुरोध छ।

तपशिल :

| क्र.स. | साविक | नक्शा नं. | किता नं. | क्षेत्रफल | कटान गरिने रुखको जात | कटान गरिने रुखको संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**बोधार्थ :**
**श्री .......... वडा कार्यालय**
**याङवरक गाउँपालिका**

……………..
.................
**अध्यक्ष**

अनुसूची ५
कार्यविधिको दफा ८(१(च)) सँग सम्बन्धित
अनुगमन समितिको प्रतिवेदनको ढाँचा

१. परिचय
२. पृष्ठभुमि
३. लक्ष उद्देश्य
४. अनुगमनमा सहभागीको विवरण

५. अनुगमन गरिएका स्थानहरु

६. अनुगमनको क्रममा देखिएको विवरण

७. अनुगमनको क्रममा दिइएको सुझवहरु

८. सिकाई

९. उपलब्धी

१०. निश्कर्ष

११. फोटोहरु

अनुसूची-६

कार्यविधिको दफा २२ सँग सम्बन्धित

निकासी सडक निर्माणको प्राविधिक प्रतिवेदनको लागि प्रविधिक पठाइ दिने निवेदनको ढाँचा

श्रीमान वडा अध्यक्ष ज्यू

........ नं. वडा कार्यालय

याङवरक गाउँपालिका

**बिषय : प्राविधिक प्रतिवेदनको लागि प्रविधिक पठाइ दिने सम्बन्धमा**

महोदय,

उपरोक्त सम्बन्ध यस गाउँपालिका वडा ............. मा गोलिया कटान तथा निकासी प्रयोजनको लागि यस याङवरक गाउँपालिका वडा नं. ........... को .................................टोलमा ...................................... स्थान देखी ......................................... सम्म अनुमानित ................कि.मि. सडक निर्माण गर्नुपर्ने भएको हुँदा उक्त सडक निर्माणको लागि प्राविधिक प्रतिवेदनको लागि तहा वडा कार्यालयमा कार्यरत प्राविधिक खटाइ दिन हुन अनुरोध छ।

मैले प्रचलित कानुन तथा याङवरक गाउँपालिकाको कार्यविधि बमोजिको सम्पूर्ण प्रकृया पुरा गरेको छु विवरण ठिक साँचो हो झुठा ठहरे सहुला बुझाउँला।

**संलग्न कागजातहरु :**

नागरिकताको प्रतिलिपी थान १

जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपि थान १

तिरो तिरेको रसिद थान थान १

(नोट : प्राविधिक फिण्ड दस्तुर याङवरक गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।)

अनुसूची ७

कार्यविधिको दफा १५(२(ङ)) सँग सम्बन्धित

प्राविधिक प्रतिवेदनको ढाँचा

१. सडक निर्माण हुने वडा नं. .............. टोल..................................

२. सडक निर्माण गर्ने निर्माण कर्ता

.............................................................................................

३. सडकको प्रयोजन

..............................................................................................................

४. सडक निर्माण हुने ठाउँ ........................................ देखी ................................................ सम्म

५. सडक निर्माणगर्न लाग्ने अनुमानित लागत रु

.................................................................................

६. सडक निर्माण गर्न प्रयोग हुने साधन

क. मेसिनको प्रकार

.............................................................................................................

ख. जनशक्ति ................................. दक्ष .................................................अर्धदक्ष

ग. अन्य साधन भए खुलाउने

....................................................................................................

७. उक्त सडकबाट लाभाम्भित जनसंख्या ...................... घरधुरी ........................................... जनसंख्या

८. उक्त सडक निर्माणको क्रममा हुन सक्ने क्षती

क. मानविकय क्षती.........................................................................................................

ख. कृषि जन्य चिज बस्तुको क्षती

...........................................................................................

ग. वातावरणीय क्षती

.............................................................................................................

घ. अन्य क्षती

.............................................................................................................

९. उक्त सडक निर्माणले हुन सक्ने विपत जोखीमको अवस्था ☐ उच्च जोखिम ☐ मध्यम जोखिम

न्यून जोखिम ☐ कुनै किसिमको जोखिम नहुने ☐

१०. सडक निर्माण हुने स्थानमा कुने विवाद भए के कस्तो विवाद भएको

.....................................................

११. सडक निर्माणको लागि हुने लगानी कस्ते व्यहोर्ने हो

..........................................................................

१२. उक्त सडकको भविश्य के कस्तो रहेको

...........................................................................................

१३. निर्माण हुने सडक :

| लम्बाई मि. | चौडाइ मि. | चटान भएको मि. | माटो भएको | मेसिन प्रयोग गर्नैपर्ने मि. | मेसिन प्रयोग नगरी खन्न सकिने मि | गोलाई (टनिङ) संख्या | गुगल नक्शा (सडक रुपरेखा) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

१४. सझाव तथा अन्य केहि :

१५. माथि उल्लेखित विवरण ठिक साँचो हो स्थलगत अवलोक गरी हर्दा उक्त सडक निर्माणको लागि अनुमति दिन / नदिन उपयुक्त देखिन्छ ।

प्रतिवेदन पेश गर्ने

............................

अनुसूची ८
कार्यविधिको दफा १५(४) सँग सम्बन्धित
निजि सडक निर्माणको लागि अनुमति माग निवेदनको ढाँचा

श्रीमान अध्यक्ष ज्यू
याङवरक गाउँपालिका

**बिषय : सडक निर्माणको लागि अनुमति पाउँ**

महोदय,

उपरोक्त सम्बन्ध यस गाउँपालिका वडा ............. मा गोलिया कटान तथा निकासी प्रयोजनको लागि यस याङवरक गाउँपालिका वडा नं. ........... को ..................................टोलमा ....................................... स्थान देखी ......................................... सम्म ................कि.मि. सडक निर्माण गर्नुपर्ने भएको हुँदा उक्त सडक निर्माणको लागि सम्पूर्ण प्रकृया पुरा गरीसकेको हुँदा उक्त सडक निर्माणको लागि अनुमति प्रदान गरिदिन हुन अनुरोध छ।

मैले प्रचलित कानुन तथा याङवरक गाउँपालिकाको कार्यविधि बमोजिको सम्पूर्ण प्रकृया पुरा गरेको छु विवरण ठिक साँचो हो झुठा ठहरे सहुला बुझाउँला।

**संलग्न कागजातहरु :**
नागरिकताको प्रतिलिपी थान १
जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपि थान १
तिरो तिरेको रसिद थान थान १
प्राविधिक प्रतिवेदन थान १
वडाको सिफारिस थान १
सडक निर्माण हुने स्थानका जग्गाधनीहरुको मञ्जुरीनामा

अनुसूची ९

कार्यविधिको दफा १५(४) सँग सम्बन्धित

निजि सडक निर्माणको लागि अनुमति पत्रको ढाँचा

श्री ..................................

.........................................

**विषय : अनुमति दिइएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा ..................................................................... ले दिएको दिवेनसाथ संलग्न ........ नं वडाको च.नं. ................ मिति....................... को सिफारिस, श्री .................................. प्राविधकले पेश गरेको प्राविधिक प्रतिवेदन र संलग्न अन्य कागजातहरुको अध्ययन गर्दा तथा यस कार्यालयबाट थप जाँचबुझ गर्दा यस याङवरक गाउँपालिका वडा नं.................... को ............................... टोलमा ............. स्थान देखी ..................... सम्म ................. मिटर / कि.मि. सडक आगामि दिनमा समेत उक्त सडकको नियमित मर्तत संभार गर्ने सार्वजनिकरुपमा प्रयोग हुने गरी निकासी सडक निर्माणको लागि अनुमति प्रदान गरिएको छ ।

उक्त सडक निर्माण गर्दा वा भविश्यमा उक्त सडक निर्माणको कारण कुनै क्षती भएमा उक्त क्षति पूर्ति पनि तपाईले नै भर्नु भराउनु पर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

......................

...........................

अध्यक्ष

**प्रमाणीकरण मिति: २०८२/०२/१३ गते**

आज्ञाले

रामराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत